# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 10 Monthly International Edition of Herald of His Coming October 2018
वर्ष १९, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०७५)


# बोलावट अनुसार योग्य हिँडाइ

## Walk Worthy of Our Calling

**By Rich Carmicheal**

Vol 77 No.7/8

यसको बारेमा विशेष पावलले एफिसीको मण्डलीलाई जोड दिएको पाउँदछौं । येशूको काम गर्दा मानिसको प्रशंसा होइन उहाँकै हुनुपर्छ । पावलले यो भन्दछन् कि येशू मृत्युबाट ब्युँतनु भएर स्वर्गलोकमा चढी जानुभयो र पिताको दाहिने बाहुलीपट्टि रहनुभएको छ र हामीलाई पनि त्यही ठाउँ तयार पारिरहनुभएको छ, यसको लेखिएको छ, "जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरू आफ्नो दाहिने बाहुलीपट्टि बसाल्नु भयो । सबै शासन र अधिकार र शक्ति र राज्यमाथि र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन् ती सबै माथि उहाँलाई राख्नुभयो ।" (एफिसी १ : २० -२१) "परमेश्वरले सबै कुरा उहाँको पाउ मुनि राखिदिनुभयो र मण्डलीको निम्ति उहाँलाई सबै कुराको शिर बनाइदिनु भयो ।" (एफिसी १ : २२) उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जानुन् भन्ने विचार राख्नु भएको छ । "ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधिनमा आउँन् ।"(एफिसी १:१०) कस्तो अचम्मको कुरा जब ख्रीष्टको समय आउने छ, स्वर्गको मात्र थोकमा उहाँ अधिकार होइन कि पृथ्वीमा भएका यावत थोकमाथि उहाँलाई अधिकार दिइएको छ । कस्तो अचम्मको मौका कि पहिले नै ख्रीष्टलाई चिन्नु र उहाँको हुनु । जसबाट येशू ख्रीष्टको अनन्तको महिमामा हामी पनि सहभागी बन्न सक्छौं । "यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो, अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ र उहाँसग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसान्नु भयो । यो चाँहि ख्रीष्ट येशूमा हामीप्रति उहाँकी दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगमा देखाउनलाई हो ।" (एफिसी २ : ५-७) उहाँको महिनाको द्रोस्रो आगमनको हामी गवाही हुनेछौं । उहाँका स्वर्ग र पृथ्वीका सबै गवाही हुनका लागि परमेश्वरले हामीलाई मौका दिनुभएको छ । "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माफ प्रकट गरियोस् । यो चाहिँ येशू ख्रीष्ट हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्य अनुसार थियो ।" (एफिसी ३ : १०- ११) परमेश्वरबाटको बोलावट अति नै महत्वपूर्ण छ जुन बोलावट उहाँले हामीलाई आमाको गर्वमा रच्नुभन्दा पहिले नै भएको छ । "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔ भनेर संसारको उत्पत्ती भन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो ।" (एफिसी १ : ४) उहाँले हामीलाई उहाँको इच्छा अनुसारको सन्तान होस् भनेर यो सबै गर्नुभएको हो । (एफिसी १ : ५)"उहाँमा जसले सबै कुरा आफ्नो इच्छाको योजना अनुसार पूरा गर्नुहुन्छ ।"(१ : ११) हामी ख्रीष्टको असल काम गर्नको निम्ति बनाइएका हौ । "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।" (२ : १०) उहाँको अनुग्रहको निम्ति हामी उहाँलाई प्रशंसा गर्दछौं । जसले हामीलाई मुक्तिको बाटोमा ल्याउनुभयो र अनन्त

जीवनको बाटोमा डोऱ्याउनु भयो ।

हामी खीष्टलाई धिक्कारदछौं हो ! हामी सबै कुरा उहाँमा धिक्कार्दछौं उहाँ उद्धारक हुनुहुन्छ ।

(एफिसी ५ : २३) र "उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँदछौ ।" (एफिसी १ : ७) उहाँको प्रेमको उदाहरण अत्यन्त ठूलो छ । "... ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई थाहा गर्न सक...।" (एफिसी ३ : १८ - १९) र उहाँको महान् प्रेमको कारणले गर्दा उहाँले हामीलाई बचाउनलाई आफ्नो प्राण दिनुभयो । "तिमीहरू प्रेममा चल जसरी खीष्टले पनि हामीहरूसँग प्रेम गर्नुभयो र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अपर्ण गर्नु भयो । ...जसरी खीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो । (एफिसी ५ : २२, २५)

एकपटक हामी खीष्ट विना थियौं "याद राख तिमीहरू त्यसबेला खीष्टबाट अलग इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ र प्रतिज्ञाका करारहरूबाट विराना, आशा नभएका कारण यस संसारमा परमेश्वररहित थियौं । "(एफिसी २ : १२) तर अहिले उहाँको रगतले हामीलाई उहाँको नजिक ल्याएको छ (२ : १३) उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ (२ :१४) र उहाँको क्रसको मृत्युले परमेश्वर र हाम्रो सम्बन्ध प्रधान बनाएको छ (२ : १६) उहाँद्वारा हामी सम्पूर्ण मानिस जाति पवित्रआत्मामा एक भएका छौं । (२ : १८, ३ : १२) उहाँको कारण "यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरूसँगै नागरिक र परमेश्वरको परिवारका सदस्य भएका छौ । त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ र खीष्ट येशू आफै चाहि मुख्य कुनै टुङ्गो हुनुहुन्छ ।"( २ : १९ - २०)

**उहाँले हाम्रो निम्ति उहाँले प्रतिज्ञा गर्नुभएको छ-** म मेरो मण्डली चट्टानमाथि खडा गर्ने छु (मत्ती १६ : १८) र हामीहरूसँगै "पवित्रआत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदै जान्छौ ।"(एफिसी २ : २२) उहाँ हाम्रो शिर हुनुहुन्छ र हामी उहाँका शरीरका अंगहरू हौं । "किनकि पतिपत्नीको शिर हो, जसरी खीष्ट मण्डलीको शिर हुनु हुन्छ जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयं त्यसको मुक्तिदाता हुनुहुन्छ ।" (५ : २३, २९) उहाँले आफूलाई रित्याएर हामीलाई छुनुभयो । "यस हेतुले उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकुन् र उहाँले दाग वा चाउरी नभएको तेजस्वी मण्डली आफूकहाँ प्रस्तुत गर्न सकुन् र त्यो चाहिँ पवित्र र निष्खोट होस् ।"(एफिसी ५ : २६-२७) उहाँले हामीलाई आत्मिक उपहार दिनुहुन्छ, जुनचाहिँ अगुवापन र अरु सन्तहरूलाई निर्माण गर्ने क्षमता साथै आफ्नै शरीरलाई परमेश्वरको इच्छामा ढाल्ने । (४ : ७) उहाँले हामीलाई बाँच्ने बाटो सिकाउनु हुन्छ (४ : २१) र उहाँ हाम्रो जीवनमा हुने सत्यताको मूल हुनुहुन्छ ।(४ : २१, ५ : १४)

उहाँ दबिएकाहरूको बीचमा जानु भयो । उहाँले खीष्टको सुसमाचार अरुलाई दिनको निम्ति अनुग्रह गर्नुभयो । (३ : ८) उहाँ सबै देवताहरूको स्रोत हुनुहुन्छ र उहाँबाट नै सबैथोक बनिन आए र उहाँ नै हाम्रो जीवनको स्रोत हुनुहुन्छ । हामी उहाँबाट चुनिएका हौ (१ : ४) उहाँद्वारा धर्मपुत्र-पुत्री बनाइएका हौ । (१ : ५) उहाँमा जीवित बनाइएका हौ र उहाँमा एक भएका छौं । साथै स्वर्गीय आनन्द पाएका छौ (२ : ५ - ६) महिमीत सत्यता परमेश्वरले हामीलाई दिनुभएको छ । "परमेश्वरले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिषले खीष्टमा आशीर्वाद दिनुभएको छ ।" (१ : ३)

**खीष्ट हामीभित्र रहनुहुन्छ-** लेखकले खीष्ट आत्मिकरूपमा हामीभित्र रहनुहुन्छ भनेर विशेष जोड दिदँछन् । प्रेरित पावलले आफ्नो प्रार्थनामा यसरी भन्दछन्, "यसैका कारण म पिताको साम्ने आफ्ना घुँडा टेक्दछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउ राखिएको छ । म प्रार्थना गर्दछु कि उहाँका महिमाका सम्पत्ति अनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारुन् र विश्वासद्वारा खीष्ट तिमीहरूका हृदयमा वास गरुन् र प्रेममा जरा गाडिएका र दह्रिला भएर परमेश्वरको राज्यको निम्ति खडा होओ ।" (३ : १४ -१७) पावलले लगातार प्रार्थर्ना गर्दै जान्छन् "सबै सन्तहरूसँग चौडाइ, लम्बाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक र ज्ञानलाई माथ गर्ने शक्तिको प्रेमलाई थाहा पाउन सक ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ ।"(३ : १८-१९) हाम्रो सेवकाइमा जबसम्म परमेश्वरको आत्माको शक्ति हुँदैन तबसम्म हामी सफलता पाउन सक्दैनौं । यो सफलता पाउनुको निम्ति हामी उहाँमा विश्वास गर्नुपर्छ र पूर्णरूपमा भरोशा गर्नुपर्छ ।

**खीष्ट हाम्रो जीवन हुनुहुन्छ** - प्रेरित पावलले भन्दछन् कि "म खीष्टसँगै क्रूसमा टाँगिएको छ, अब उप्रान्त जीउने म होइन, तर खीष्ट ममा जीउनु हुन्छ, जुन जीवन शरीरमा म अहिले जीउछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जीउँछ जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।"

(गलाती २ : २०) उहाँको शक्तिले हामीभित्र काम गर्नुहुन्छ (एफिसी ३ : २०) त्यो शक्ति अति नै शक्तिशाली छ । पावलले एफिसीका मण्डलीको निम्ति यसरी प्रार्थना गर्दछन् र भन्दछन्, "म प्रार्थना गरिरहन्छु कि हाम्रा प्रभु येशू खीष्टका परमेश्वर महिम पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानका बुद्धि र प्रकाशको आत्मा देऊन् । म यो पनि प्रार्थना गर्दछु कि तिमीहरूका हृदयका आँखा उज्यालो होस र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनु भएको छ र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो सो तिमीहरूले जान्न सक, अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असिम महानता के हो सो तिमीहरू जान्न सक । त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो । जो उहाँले खीष्टमा पूरा गर्नुभयो । जब उहाँले खीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो ।" (एफिसी १ : १७-२०) अर्को शब्दमा भन्दा परमेश्वरले आफ्नो त्यो अचम्मको शक्तिद्वारा हामीभित्र काम गर्नुहुन्छ । र त्यस्तो विशेष शक्ति उहाँमा मात्र छ । पावलले खीष्टबाहेक अरु कुनै कुरा सिकाएका छैनन् । "उहाँलाई जसले हामीभित्र काम गर्ने उहाँको शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ । उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र खीष्ट येशूमा सदा सर्वदा महिमा होस् । आमेन् ।"(३ : २० - २१)

**जीवनमा खीष्ट उचालिनुको चिन्ह-** प्रेरित पावलको जीवनभरिको सत्यता खीष्टलाई उचाल्नु हो । "यसकारण म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौं, त्यही योग्यको जीवनयापन गर ।" (एफिसी ४ : १) उनले खीष्टबाट पाएको जीवनलाई खीष्टको महिमाको निम्तिमात्र खर्च गर भन्ने कुरालाई जोड दिदछन् । जुन जीवन उहाँको आत्मा र शक्तिद्वारा पाइएको छ, त्यसबाट खीष्टमा परमेश्वरको महिमाको निम्ति मात्र हो अहिलेको निम्ति तर जब खीष्टको आगमन हुनेछ "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौं । जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको थियो ।" (पद ४) सबैभन्दा पहिलो प्रेम र आदर खीष्टलाई हुनुपर्छ । हामीले जीवन खीष्टको निम्ति दिनुपर्छ । तलका केही पदबाट पनि हामी थाहा गर्दछौं कि प्रेरित पावलले एफिसीको मण्डलीलाई आज हामीलाई पनि भन्दैछन् "हामी हाम्रो जीवन सारा दीनता, नम्रता र धैर्यतासँग एउटाले अर्कोलाई प्रेममा सहेर शान्तिको बन्धनमा पवित्रआत्माको एकता कायम राख्न प्रार्थना गरौं ।"(पद २ - ३) "हामी सबैका एउटै परमेश्वर र पिता जो सबैमाथि सबैका मध्ये सबैमाथि हुनुहुन्छ । तर खीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ । यसकारण यस मानिएको छ, उहाँ उच्चमा चढिजानु हुँदा कैदलाई बन्दी बनाएर लानुभयो र मानिसहरूलाई वरदानहरू दिनुभयो । ... बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्म, अर्थात् खीष्टसम्मै बढैजाओ, जो शिर हुनुहुन्छ । उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रभुमा वृद्धि हुँदै जानेछ ।" (४ : ७ - १६) हामी प्रेममा सत्यता बोल्नु पर्छ, त्यो पद १५ ले भने झैं सत्य बोल्दै हरेक कुरामा बढ्दै जानु पर्छ ।

हामीले हाम्रो जीवनलाई पुरानोबाट नयाँ बनाउँदै जानुपर्छ जुन पुराना स्वभाव थिए सबैलाई छोडेर नयाँ स्वभाव धारण गर्नु पर्छ । "छलिला हृदयद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूका पुरानो स्वभाव त्याग र आफ्नो भित्री वर्तावमा नयाँ होओ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएका नयाँ स्वभावलाई धारण गर ।" (४ : २२ -२४) सबै किसिमका तितोपना, क्रोध, रिस, होहल्ला, निन्दा सबै किसिमका डाहालाई त्यागीदिऔं । (पद ३१)

हामी परमेश्वरका वालकहरू जस्तै होऔं र परमेश्वरको देखासिकी गर्ने होऔं । (५ : १) । जस्तै "जसरी परमेश्वरले खीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्काप्रति कोमल मनका र दयालु होओ ।"(४ : ३२) उहाँको प्रेमलाई हाम्रो हृदयमा राख्दै उहाँमा रहेर प्रेममा डुब्नुपर्छ । (३ : १७) र खीष्टको प्रेममा हिँडडुल गर्दै (५ : २) प्रेम हाम्रो जीवनमा खीष्टबाट आएको हुनुपर्छ । ( १ : १५,३ : १७, ४ : २, १५ -१६, ५ : २, २५, ६ : २४)

यदि हामी परमेश्वरको साँचो सन्तान हो भने, हाम्रो बीचमा उहाँको महिमा प्रकट भएको याद गर्न सक्नु पर्छ । प्रेरित पावलले खीष्टमा हाम्रो निम्ति संसारका जग बसाली दिएका छन् । "उहाँको सामुन्ने पवित्र र निश्कलङ्क होओ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नु भयो ।" (एफिसी १ : ४) परमेश्वरले हामीलाई उहाँको असल काम गर्नलाई बोलाउनु भयो र मानिस जातिले उहाँको ठिक विपरीत भएर परमेश्वरलाई मन नपर्ने कार्य गर्न खुसी हुन्छ र गर्दै आएको छ । मानिसहरू परमेश्वरको अनाज्ञाकारी हुँदै गए । संसारिक थोकमा मन लगाउँदै

गए । पावलले यसरी भन्दछन् "किनकि यो त तिमीहरू निश्चय नै जान कि कुनै व्यभिचारीको अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपुजक हो) खीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन । कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओ, किनकि ती कुराको कारणले अनाज्ञाकारीमाथि परमेश्वरको क्रोध पर्छ। यसकारण तिनीहरूसँग सहभागी नहोओ। " (५ :५-७)

एकदिन हामी अन्धकारमा थियौँ तर अहिले खीष्टको ज्योतिमा आएका छौं । हामी ज्योतिका सन्तान जस्तै हिँड्नुपर्छ र अन्धकारलाई इन्कार गर्न सक्नुपर्छ । ( पद ५ : ११) यदि तपाईंमा अन्धकार छ भने खीष्टले यसो भन्दै हुनुहुन्छ "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ र खीष्टले तिमीहरूलाई प्रकाश दिनु हुनेछ ।"(पद ५ : १४)

हामी कसरी जीइरहेका छौँ, त्यसको बारेमा एकदमै होशियार हुनुपर्दछ । "यसैले कसरी हिँड्छौ ध्यानसँग हेर, निबुद्धि मानिस जस्तो होइन, तर बुद्धिमान जस्तो ।" (पद १५) त्यसकारणले परमेश्वरको इच्छा के छ त्यसलाई ख्याल राखेर आफ्नो कार्यलाई अगाडि बढाउँदै जानुहोस् । (पद १७) हामी रक्सी पिएका मानिस होइनौं, शारीरिक मत्वाइ होइन तर पवित्रआत्माद्वारा भरिनु पर्छ । (५ : १८) विचार गरौं कि खीष्टको जीवनबाट कसरी आत्माले भरिएर हामीमा पोखिनुभयो जसको कारण हामी उहाँलाई धन्यवाद दिनु पर्छ । पावलले यसरी भन्दछन् "दाखमद्यले नमातिओ, कारण त्यो विलासिता हो । तर पवित्र आत्माले भरिपूर्ण होओ । एउटाले अर्कोसँग भजन गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै, सधैं सबै कुराका निम्ति हाम्रा प्रभू येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ ।"(५ : १८ - २०)

पावलले संसारका विवाह गरेका पतिपत्नीहरूलाई पनि एक अर्काको अधिनमा रहनु पर्छ भन्ने उदाहरण देखाएर जसरी पत्नी पतिको अधीनमा रहेजस्तै खीष्ट हाम्रो दुलाहा हुनुहुन्छ, साथै उहाँ हाम्रो मण्डलीको शिर पनि हुनुहुन्छ, त्यसैले हामीले खीष्टलाई शिर मानेर उहाँलाई आदर गर्दै मण्डलीमा एक अर्काको वास्ता राख्नुपर्छ । "पत्नी हो, प्रभुको अधीनमा रहेझैँ आफ्ना आफ्ना पतिको अधिनमा बस किनकि पतिपत्नीको शिर हो । जसरी खीष्ट मण्डलीको शिर हुनुहुन्छ । जुन मण्डली उहाँको शिर हो र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ । जसरी मण्डली खीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिको अधीनमा रहनु" (एफिसी ५ : २२ - २४) ।" जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैँ प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस् ।" (एफिसी ५ : ३३) ।

अभिभावकहरूले आफ्नो जिम्मेवारी असल प्रकारले निभाउन सक्नुपर्छ । नानीहरूलाई विनाकारण दुःख नदिने तर असल अनुशासनमा राख्न सक्नु पर्छ । "बुबा हो आफ्ना छोराछोरीलाई रिस नउठाको, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।" (एफिसी ६ : ४) येशू खीष्टमा परमेश्वरको ज्योतिमा मानिसमा चम्कोस् भन्ने उद्देश्य राख्नुभएको छ । हामीले हाम्रो छोराछोरीलाई कसरी हुन्छ परमेश्वरको नजिकमा पुऱ्याउन सकिन्छ भन्ने उनिहरूको क्रियाकलापबाट कसरी परमेश्वरको महिमा हुने काम गर्दछन् त्यसतर्फ डोऱ्याउनु पर्दछ । के आज हामीले हाम्रा नानीहरूलाई परमेश्वरको अनुशासन सिकाएका छौं ?

पावलले यो कुरालाई पनि जोड दिन्छन् कि कमारा भएर आफ्नो कार्यको सदुपयोग गर्न सक् । परमेश्वरको वचनमा साचोसिद्धान्त यहि हो "कमारा हो डर र कम्पका साथ साँचो हृदयले खीष्टलाई गरेझैँ यस संसारका तिमीहरूका मालिकहरूको आज्ञा पालन गरे ।" (६ : ५) हामीले त्यो गर्नुपर्छ । "मानिसहरूलाई खुसी पार्ने झैँ आँखाको अघि मात्र देखावटी काम नगर तर खीष्टका दासहरूझैँ साँचो हृदयले परमेश्वरको इच्छा पूरा गर । मानिसहरूका निम्ति होइन तर प्रभुको निम्तिजस्तै गरी सदिच्छाले सेवा गर । यो जानेर कि चाहे कमारा होस चाहे फुक्का होस् जसले असल काम गर्छ, त्यसले प्रभुबाट सोही बमोजिम पाउनेछ ।"(६ : ६ - ८) हामी सबैले यसरी नै गर्नु पर्छ । मालिक र कमराका दुवैको मालिक स्वर्गमा हुनुहुन्छ र उहाँमा कुनै किसिमको पक्षपात हुँदैन । (६ : ९)

**आत्मिक लडाइमा विजय-** अहिले हाम्रो लडाई संसारका रगत र मासुको होइन तर पवित्रतामा आत्मिकी लडाईं लड्न आवश्यक छ । पावल हामी यो कुरा यसरी याद दिलाउँदछन् । "किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याईंका आत्मिक सेनाहरूमा विरुद्ध हो ।" (एफिसी ६ : १२) यो सच्चै नै गम्भीर प्रकारको लडाईं हो । पावलले हामीलाई अझ उत्साहित बनाउँदै यो भन्दछन् कि "अब अन्त्यमा प्रभु र उहाँका शक्तिको सामथ्यमा बलवान् होऊ । दियाबलसका युक्तिहरूको विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गरे"(एफिसी ६ : १०- ११), र पावलले कोरिन्थीका मानिसहरूलाई पनि यसरी

उत्साह दिन्छन् कि जुन कुरा हामीले जान्नलाई उति नै आवश्यक छ ।" किनकि हाम्रो युद्धका अस्त्रशस्त्र सांसारिक होइनन् तर किल्लाहरू नास गर्ने ईश्वरीय सामर्थ तिनमा छ । परमेश्वरको ज्ञानको विरुद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कार पूर्ण वादालाई हामी नास गर्छौं । हरेक विचारलाई खीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं । (२ कोरिन्थी १० : ४ - ५) परमेश्वरको शक्ति आत्मिकी लडाईं लड्नलाई भरिपूर्ण छ ।

त्यसकारण पावलले यसो भन्दछन् "यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ । यसकारण आफ्ना कम्मर सत्यले कसेर धार्मिकताको छातीपाता लगाएर खडा होओ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निवाणहरू निभाउन सक्नेछौ । मुक्तिको तोप लगाऔं र पवित्र आत्माको तरबार लेओ । जो चाहिँ परमेश्वरको वचन हो ।"(एफिसी ६ : १३-१७) र हामी होसियार र प्रार्थनासहितको लडाईं लड्नु पर्छ । "सधैं धन्यवादी हुँदै अरुको निम्ति पनि प्रार्थना गर्नु पर्छ । "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो ।" (६ : १८)

हामीले यो आत्मिक लडाईं होसियारी र प्रार्थनासहित लड्नु पर्छ । परमेश्वरलाई धन्यवाद होस् कि हामी कसरी आत्मिकी लडाईं लड्नु पर्छ भन्ने कुरा परमेश्वरले सिकाउनु भयो । पावलले कलस्सीको पुस्तकमा यसरी भन्दछन् कि, "उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो र तिनलाई खुलमखुल्ला तमाशा बनाइदिनु भयो ।" (कलस्सी २ : १५) र परमेश्वरको दिनमा उहाँले नै आगो र गन्धकमा न्याय गर्नुहुने छ । दियाबलस र झुटा अगमवक्ताहरूले सदासर्वदा यातना भोग्नेछन् । (प्रकाश २० : १०) । हामीहरूले येशूको दोस्रो आगमनलाई पर्खिरहेका छौं । उहाँ, राजाहरूका राजा र प्रभुहरूका प्रभु हुनुहुन्छ । उहाँले आफ्नो प्रतिज्ञालाई कहिल्यै पनि बिर्सनु हुने छैन । "ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबैथोकहरू खीष्टको अधिनमा आउन्" (एफिसी १ : १०) ।

हामीले माथिका सम्पूर्ण खीष्टको बोलावटअनुसार योग्य हिँडाइ हिँड्नुपर्छ भन्ने कुराहरू सिक्यौं । के आज तपाईंले परमेश्वरको बोलावट पाएर बोलावटअनुसार सेवाकाइमा लाग्नु भएको छ ? यदि हामी त्यसो गरेका छौं भने परमेश्वरको प्रेम र अनुग्रह सदासर्वदा रहिरहोस् । आमेन् ।

# परमेश्वर सबैभन्दा माथि

## God above All

**By A.W. Tozer**

Vol. 77. No. 7 (916)

हाम्रो धेरैजस्तो कठिनाइहरूमा खीष्टियनले पालना गर्नुपर्ने कुराहरू हामीलाई पालना गर्न कठिनाइ हुँदा उहाँलाई हाम्रो आफ्नो परिस्थितिमा बदल्न खोज्छौं तर हामीले राम्रो तब गर्न सक्छौं जब उहाँ जे हुनुहुन्छ त्यसैलाई ग्रहण गर्छौं । जब हामीले उहाँलाई राम्रोसँग विस्तारै बुझ्दै जान्छौं तब हामीले उहाँमा वर्णन नै गर्न नसकिने आनन्दको स्रोतमा रहेछौं भनी थाहा गर्नेछौं । जो आनन्दचाहिँ उहाँको वास्तविकता हो । हाम्रो केही हर्षित अवस्थाहरूमा जब हामी आफूलाई पाउँछौं तब हामीले थाहा गर्नुपर्छ कि हामीले गरेको प्रशंसामा उहाँ प्रशंसित हुनुभयो भन्ने जान्नुपर्छ । त्यस्तो समयमा हाम्रा धेरै विचारहरू परिवर्तन हुन्छ र सहन गर्न नसकिने हुन्छ ।

त्यसैले आउनुहोस् हामी परमेश्वरसँगै होऔं । अरु कडाभन्दा माथि सबैभन्दा पहिला परमेश्वरलाई राखौं किनकि उहाँ नै पहिलो हुनुहुन्छ । क्रमसँग मिलाएर राख्ने क्रममा सबैभन्दा माथि पहिलो स्थानमा परमेश्वरलाई राख्नुहोस् । सबैथोक उहाँमा नै, उहाँद्वारा नै र उहाँकै निम्ति सृष्टि भएको हो/ थिए । "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्न योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो र तपाईंकै इच्छा बमोजिम ती अस्तित्वमा आए र तिनको सृष्टि भयो ।" ( प्रकाश ४ : ११)

हरेक प्राण परमेश्वरसँग सम्बन्धित छ र महिमाको निम्ति ती अस्तित्वमा छन् । परमेश्वर उही हुनुहुन्छ जो उहाँ हुनुहनछ । र, हामी तपाईं त्यही हौं जो वास्तवमा हामी हौं । र, हामीसँगको उहाँको सम्बन्धचाहिँ निकै अचम्मको सोच्नै पर्ने खालको छ । र, हाम्रो सम्पूर्णताबाट उहाँलाई महिमा गर्नु नै हाम्रो वास्तविकता हो । यहाँ दुईवटा कुराहरू छन् मानिसको लागि परमेश्वरमा आज्ञाकारी हुनु वा उहाँलाई अस्वीकार गर्नु । हामी चाहिँ परमेश्वरुको महिमा गर्नु सदैव ऋणी हुनुपर्छ र सबै आदर उहाँलाई नै दिनुपर्छ । परमेश्वरलाई खोजी गर्ने कार्यले चाहिँ हामीलाई उहाँको अँगालोमा लान्छ ।

र यो वास्तविकता हो। म यहाँ न्यायिक (न्याय गर्ने किसिमको) कुरा बताउँदिन तर म यहाँ परमेश्वरलाई स्वतन्त्र रूपले कसरी उच्च पार्ने कुरा बताउँछु र उहाँको उचित स्थानचाहिँ मनिस हो र हाम्रो पूर्ण आज्ञाकारिताको सम्पूर्णताले उहाँलाई पूर्ण आराधना दिन्छ। जसको लागि उहाँले सृष्टि पूर्ण रूपमा गर्नुभएको थियो।

जब धेरै मानिसहरूको भीडमा पनि परमेश्वरलाई महिमा दिन्छु भन्ने मानसिकताको निश्चयता गर्छौं तब अझ हामीले आफूले आफूलाई पवित्रता बढ्दै गएको महसुस गर्छौं। र, हामीले उहाँमा छुट्टै नयाँ दृष्टिकोण र अनुभवहरू प्राप्त गर्दछौँ। र, हामीसँगै छुट्टै मानसिकताकोविकास भइरहेको हामी पाउनेछौँ। र, नयाँ शक्तिले हामीलाई चकित बनाउनेछ।

अब त्यसपछि हामीले संसारसँग सम्बन्ध तोड्नु भनेको परमेश्वरसँगको सम्बन्ध बढाउनु हो रहेछ भन्ने कुरा थाहा पाउनेछौँ। सांसारिकतामा डुबेको मानिसले परमेश्वरलाई आदर गर्न सक्दैन। यो साँचो हो उहाँका नाउँमा लाखौँलाई बोलाइएको छ तर अति थोरैाट मात्र उहाँलाई महिमा भएको छ। यसको लागि हामी एउटा सामान्य मानिसलाई केही प्रश्नोत्तर गरौँ तब उसको उत्तरहरूलाई हेरौँ त्यहाँबाट प्रमाणित हुन्छ र मानिस बीच, परमेश्वर र व्यक्तिगत उद्देश्यबीच परमेश्वरको प्रेम र मानिसको प्रेमबीच एउटालाई रोज्न लगाउनुहोस् उसको उत्तरमा साँचो बोल्न दबाब दिनुहोस्। धेरैजसो उसको उत्तर अरु कुराहरूमा हुन्छ। र, पहिलो स्थान तिनै कुराहरूलाई दिइएको हुन्छ।

**तपाईं उच्च हुनुहोस्**

तपाईं उच्च हुनुहोस् (भजनसंग्रह २१ : १३) यो चाहिँ आत्मिक विजयको अनुभवको भाषा हो, शब्द हो। यो शब्द अनुग्रहको ढोका खोल्ने साँचो हो, यो परमेश्वर हृदयको केन्द्रमा हुनुभएको जीवन हो। त्यस्तो अवस्थालाई खोजौँ जहाँ मानिसको जीवन र ओठले एकैसाथ उहाँलाई निरन्तर भनोस्, "तपाईं उच्च हुनुहोस्।" र एकै समयमा हजारौँ समस्याहरूको समाधान हुनेछन्। तब खीष्टियन जीवनका गाह्रो-अप्ठ्यारो परिस्थितिहरू सरल हुनेछन्। उहाँको इच्छाको अभ्यासले उहाँले पाठहरू स्थापित गर्नुहुन्छ। र, उहाँको पाठले अवश्य पनि स्वचालित रूपमा चलाउँदछ हामीलाई। यदि उहाँको पाठलाई हावामा उडायौँ भने उहाँले अवश्य पनि त्यसको न्याय लिनुहुन्छ। लुकिएर बसेकाहरूले पनि उहाँकौ तर्फबाट कार्य गरिरहेका छन्। "ताारहरूले पनि आकाशदेखि लडाईं गरे।" (न्यायकर्ता ५ : २०)

आउनुहोस्, हामी उहाँमा स्वेच्छिक भएर काम गरौँ र उहाँलाई सबै कुरा बिक्री गरेजस्तो नगरौँ। उहाँ मानिसको जस्तो आफूलाई बदल्नु हुन्न तर उहाँले आफूले सृष्टि गरेको रचनाबाट महिमा लिनुहुन्छ। उहाँको लाज उहाँको नैतिकतामा नै छैन। त्यसैले यदि कसैले उहाँमा आफूलाई समर्पण गरी नहिच्किचाई उहाँलाई ग्रहण गर्छ भने, येशूले भनेको वचनलाई याद गरौँ "... पाप गर्न गर्ने प्रत्येक पापको कमारो हो।" हामी पापको वा परमेश्वरको माध्ये एउटाको कमारो हुनै पर्छ। पापले आफ्नो स्वतन्त्रतामा गर्व गर्दछ। तर ऊ पूर्णरूपमाा पापको दास भएको हुन्छ। त्यस्तै त्यो व्यक्ति जसले आफ्नो जीवन खीष्टमा समर्पण गरेको छ, उसको सम्पूर्ण बोझ खीष्टले लिनुहुनेछ।

हामी परमेश्वरको स्वरूपमा बनिएको हो, त्यसैले हामीले हाम्रो सबै कुरा उहाँमा नै समर्पण गर्नुपर्दछ। परमेश्वर मात्रै हाम्रो वास्तविक निर्वाण / गन्तव्य हुनुहुन्छ। अरु कहीँ होइन, मलाई आशा छ यो कुराले परमेश्वरको अगाडि उहाँको प्रभुत्वको दाबी गर्दछ। पृथ्वी र स्वर्गको सम्पूर्ण अधिकार उहाँसँगै छ, जब हामी आफूले आफैलाई उाँको त्यो स्थानमा लग्दछौँ तब हामी जीवन सपृकताबाट बाहिरिएको हुन्छौँ। तब कुनै पनि कुराहरू हाम्रो इच्छा विरुद्ध हुँदैन, जबसम्म हाम्रो ठोस निर्णय आफैँले गर्दैनौँ। परमेश्वर सबैभन्दा माथि उचालिनुहोस्।

**परमेश्वलाई आदर गर्नु**

"... मलाई आदर गर्नेलाई म आदर गर्नेछु ...।" (१ शमूएल २ : ३०) परमप्रभु इश्पलको पुजारीलाई भन्नुहुन्छ। समय र परिस्थितिहरू परिवर्तन भए पनि व्यवस्थाको पूरानो भन्दा पूरानो प्रतिज्ञाहरू परिवर्तन हुने छैनन्। बाइबलका सम्पूर्ण खण्ड र पन्नाले व्यवस्थाको व्याख्या गर्दछ। "... कसैले मेरो सेवा गर्दछ भने पिताले त्यसको कदर गर्नुहुनेछ।" (यूहन्ना १२ : २६) येशूले आफूलाई पूरानो र नयाँ करार दुवैमा आफू भएको कुरा प्रकट गर्नुहुनेछ।

कहिलेकाहीँ वस्तुलाई विपरीत तरिकाले पनि असल हुन्छ। एली र उसको छोराहरू मन्दिरमा पुजाहारी

थिए तर तिनीहरू त्यो गर्न चुके र परमेश्वरको शमूयललाई पठाउनुभयो ।

होप्नी र पीनहास पतन पुजारी भएर मरे । होप्नीको पत्नी प्रश्रव वेदनाको समयमा मरिन् । इस्त्रपलको शत्रुहरूले इस्त्रपललाई पराजित गरे र करारको सन्दुक कब्जा गरी लगे र एली पुजाहारी घाँटी भाँचिएर मरे र एली परमेश्वरको आदर गर्नबाट चुकेको दुःखलाग्दो कुरा भयो ।

अब, त्यसपछिका बाइबलका पात्रहरूले आफ्नो संसारमा हुँदाको जीवनमा इमान्दारितापूर्वक परमेश्वरलाई आदर गर्ने कोशिस गरे । हेरौं परमेश्वरले पापीहरूलाई अथाह अनुग्रह देखाउनुभयो । जस्तै : अब्राहम, याकूब, दाउद, दाएिल, एलिया वा तपाईंर्लाइ पनि परमेश्वर चलाउन चाहनुहुन्छ । त्यस्तो व्यक्तिहरूसँग परमेश्वर निर्वादित भई उहाँ जो हुनुहुन्छ त्यही व्यवहार गर्नुहुन्छ ।

**हृदय र इच्छा**

म यस्तो भन्दा डराउँदिन कि "परमेश्वरले जित्नुभएको हृदयको मानिसको मस्तिष्कलाई म विश्वास दिलाउन सक्छ ।" परमेश्वर सबैभन्दा उच्चमा हुनुहुन्छ । हृदयको स्थानमा अरु कुनै कुरा राख्न त्यति सजिलो छैन । हृदयले सहमती जनाइसकेका छन् भने मस्तिष्कलाई राजी गराउन हामीले सक्छौं । जब परमेश्वरलाई आदर गर्नका लागि दौडको कल्पना गर्छौं तब यसले ढिलाइ गर्न सक्छ तर पनि मानिसको हृदयले वास्तविक सन्तुष्टिलाई अपनाउने निर्णय गर्छ । परमेश्वरले पूरै व्यक्ति नै चाहनुहुन्छ ।

आउनुहोस् हामी आफैलाई परमेश्वरको नजिकतामा लगौं र हाम्रो सबै भनाइको अर्थ हुनेछ । कसैको पनि निष्कपट प्रार्थना हुँदैन जसले परमेश्वरको ईश्वरीय शक्तिलाई पाइयोस् । परमेश्वर अनावरण हुनुहुन्छ । उहाँको महिमा उहाँको दासको आँखा अगाडि छ । र, उहाँको मानिसहरूलाई इनाम दिनुहुन्छ र जसले उहाँलाई पवित्रतामा आदर गर्दछ ।

ओ परमेश्वर, मलाई पनि त्योमध्येको बनाउनुहोस्, यस संसारको कुनै पनि कुराभन्दा मलाई तपाईंको महिमाका कार्यहरू अति नै प्रिय लागुन् । यसरी नै मेरा साथीहरूको बीचमा तपाईं उचालिनुहोस्, सबैभन्दा माथि । म निर्धक्क छु कि हामी उहाँलाई उच्च पार्नेछौं । म संसारको बीचमा उहाँलाई एक्लै भए पनि उठेर उहाँलाई उचाल्ने इच्छा राख्दछ । मेरो शरीरको नोक्सानी । मेरो शरीर नाश हुनुभन्दा पहिला नै म प्रतिज्ञा पूरा गर्नेछु । मेरो नाम प्रतिष्ठाबाट पनि उहाँ उचालिनुपर्छ । हे परमेश्वर मेरो दर्शन, मेरो परिवार, नाम, प्रतिष्ठा, स्वास्थ्य, मेरा सबै जीवनबाट तपाईं उच्च पारिनुपर्दछ । सबैभन्दा महिमित हुनुहोस् ।

आदरले आदर दिन्छ, बालीले बिउ दिन्छ । त्यस्तै जब परमेश्वरको मानिसले उहाँलाई उचाल्ने चेष्टा गर्छ तब परमेश्वरले त्यस मानिसलाई कसरी उच्च पार्नुहुन्छ भन्ने कुरा हामी यहाँबाट थाहा गर्न सक्छौं । पूर्णताले होइन पवित्र अभिप्रायले व्यक्तिलाई भिन्न बनाउँछ ।

यो नियम हाम्रो येशू ख्रीष्टमा पूर्णता भएको हामी देख्न सक्छौं । उहाँले आफ्नो अस्तित्वलाई नै तुच्छ ठान्दै आफैँलाई नम्र बनाउनुभयो र स्वर्गीय पितालाई खुसीसाथ सबै महिमा दिनुभयो उहाँले आफ्नो आदर खोज्नुभयो तर उहाँलाई पठाउनु हुनेलाई आदर गर्नुभयो । "...म पिताको आदर गर्दछु र तिमीहरू मेरो अनादर गर्दछौं ।" (यूहन्ना ८ : ४९) फरिसिहरूले व्यवस्थाले भनेको जसतै नगरेकोले तिनीहरूलाई येशूले के भन्नुभएको बुझ्न सकेनन् । "... मैले भनेको तिमीहरू किन बुझ्दैनौं ? किनभने तिमीहरू मेरो वचन सुन्न सक्दैनौं ।" (यूहन्ना ८ : ४३)

येशूको अर्को भनाइले डरलाग्दो प्रश्नको रूप लियो । "तिमीहरू कसरी विश्वास गर्न सक्छौं, जब कि तिमीहरू आपसमा एक अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौं, जो एकमात्र परमेश्वरबाट आउँछ ?" (यूहन्ना ५ : ४४)

मेरो बुझाइअनुसार येशूले यहाँ परमेश्वरलाई भित्रीदेखि नै साँचो आदर गर्ने सिद्धान्त यहाँ सिकाउँदै हुनुहुन्छ जुन मानिसको विश्वासले मात्रै असम्भव छ । के यो धार्मिक अविश्वासले यसको जरा हो र ? मलाई लाग्छ हुनसक्छ । हाम्रो जीवनको सबै अवस्थाबाट भएको दुःखहरूलाई परमेश्वरमा राखिदिऊँ जहाँ उहाँ हुनुहुन्छ त्यहीँ हामीले आफैबाट वा हाम्रो श्रापलाई पहिऱ्याउनेको सट्टामा परमेश्वरलाई उचाल्नु पर्दछ ।

हाम्रो इच्छा आकांक्षा चाहिँ परमेश्वरको पछाडि दोस्रो स्थानमा हुनुपर्छ । यो कुरा हाम्रो हृदयमा राखौं कि परमेश्वरले पनि मानिसको पुत्रलाई चाहनुहुन्छ । अझ विशेष गरी त्यो मानिसलाई जो अरु मानिसको बीचमा उहाँलाई उचाल्छ । यस्तोले चाहिँ पृथ्वी र स्वर्गमा सबैभन्दा मूल्यवान् इनाम पाउँछ ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**